

# जीवन मार्ग पत्राचार स्कूल

## पाठ ७

# The Way of Life Correspondence School

## Lesson 7

## तपाईंले अनन्तता कहाँ बिताउनु हुनेछ?

## Where will you spend eternity?

## जीवनमार्ग पत्राचार
## Way of Life Correspondence

पाठ ७

### अनन्तता

मानिसको अन्त कहाँ हुन्छ? चिहानमा? वा घाटमा? धेरैको सोंचाइमा मानिसको अन्त चिहानमा वा घाटमा हुन्छ। मरेपछि सकियो। तर परमेश्वरको वचन बाइबलले बताउँदछ कि शारीरिक मृत्युमा मानिसको अन्त हुँदैन। मानिस सदाकाललाई जिउँदछ, अनन्तलाई जिउँदछ। यद्यपि मानिसको शरीरको मृत्यु हुन्छ, अन्त हुन्छ तर वास्तविक मानिस सदालाई जिउँदछ। मानिसको आत्मा अमर हुनछ। मानिसको आत्मा शारीरिक मृत्यपछि अनन्त यात्रामा प्रस्थान गर्दछ। त्यो यात्रा या त अनन्त सुखतर्फ या त अनन्त दु:खतर्फ हुनेछ। यस विषयलाई स्पष्ट पार्न येशूले यो तथ्य प्रस्तुत गर्नुभयो।

### धनी मानिस र लाजरस

"कुनै एउटा धनी मानिस थियो, जसले बैजनी वस्त्र र मलमल पहिरन्थ्यो, र दिनहुँ रवाफसित मोजमज्जा गर्थ्यो। अनि लाजरस नामको घावै-घाउ भएको कुनै एउटा माग्ने थियो, जो उसैको ढोकामा राखिन्थ्यो, अनि त्यसले त्यस धनी मानिसको टेबलबाट खसेका टुक्रा-टाक्रीहरूले तृप्त हुने इच्छा गर्दथ्यो, साथै कुकुरहरू पनि आएर त्यसका घाउ चाट्दथे।

अनि यस्तो भयो- त्यो माग्ने मऱ्यो र स्वर्गदूतहरूद्वारा अब्राहामको काखमा पुऱ्याइयो, त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। अनि नरकमा भयानक पिडामा तड्पिदै त्यसले आफ्ना आँखा उठायो र टाढामा अब्राहाम र उनको काखमा लाजरसला ई देख्यो। अनि त्यसले चिच्याएर भन्यो, "हे पिता अब्राहाम, ममाथि दया गर्नुहोस्, अनि लाजरसलाई पठाइदिनुहो स् र उसले आफ्नो औंलाको टुप्पा पानीमा चोपोस् र मेरो जिब्रो शीतल पारिदेओस्, किनकि म यस ज्वालाभित्र तड्पिरहेको छु तर अब्राहामले भने: "हे छोरा, सम्झ! तिमीले आफ्नो जीवनकालमा तिम्रा असल-असल कुराहरू पायौ, त्यसरी नै लाजरसले खराब कुराहरू पायो, तर अहिले उसले शान्ति पाएको छ र तिमी तड्पिरहेका छौ। अनि यी कुराहरू बाहेक, यहाँबाट पारि तिमीहरूकहाँ जान चाहनेहरू जान नसकून्, र त्यहाँबाट आउन चाहनेहरू पनि हामीकहाँ आउन नसकून् भनी हामीहरू र तिमीहरूको बीचमा एउटा ठूलो खाँद राखिएको छ। तब त्यसले भन्यो: "यसका रण हे पिता, म तपाईंलाई विन्ती गर्दछु, तपाईंले उसलाई मेरो बाबुको घरमा पठाइदिनुहोस् किनभने मेरा पाँच भाइ छन्, र उसले तिनीहरूलाई आग्रहपूर्वक गवाही देओस्, र तिनीहरू पनि यस तड्पिनुपर्ने ठाउँमा नआऊन्।" अब्राहामले त्यसलाई भने: "तिनीहरूसँग मोशा र भविष्यवक्ताहरूका पुस्तकहरू छन्, तिनीहरूले उनीहरूकै सुनून्।" अनि त्यसले भन्यो, होइन पिता अब्राहाम, तर मरेकाहरूबाट कोही तिनीहरूकहाँ गयो भने ता तिनीहरूले पश्चात्ताप गर्नेछन्। अनि उनले त्यसलाई भने, "तिनीहरूले मोशा र भविष्यवक्ताहरूका सुन्दैनन् भने मरेकाहरूबाट कोही बौरेर उठ्यो भने पनि तिनीहरू मनाइनेछैनन्।" (१)

मानिसको मृत्यु नै उनको जीवनको अन्त होइन तर शारीरिक मृत्यु बरु यात्रा हो भन्ने एक तथ्य उपरोक्त खण्डले बताउँदछ। अब उपरोक्त खण्डलाई विश्लेषण गरौं। त्यहाँ दुई जना मानिसहरू थिए- धनी मानिस र गरिब लाजरस।

## धनी मानिस र गरिब लाजरस

धनी मानिस बैजनी वस्त्र र मलमलमा दिनहुँ रवाफसित मोजमज्जा गर्दथ्यो। तर गरिब लाजरस घावै-घाउ भएको माग्ने थियो। यी दुवैका जीवन यसरी नै बितिरहे। एक जनाको जीवन अति मोजमज्जामा, एक जनाको जीवन अति कष्टकर अवस्थामा। तर दुवै मरे।

तर मृत्युपछिको अवस्थाको सम्बन्धमा भने भिन्न-भिन्न तथ्यहरू प्रस्तुत गरिएको छ। गरिब माग्ने लाजरस मऱ्यो र स्वर्गदूतहरूद्वारा अब्राहामको काखमा पुऱ्याइयो। जुन स्थानमा लाजरस पुऱ्याइयो, त्यो स्थान विश्रामको स्थान वा स्वर्गीय बासस्थान (paradise) थियो। त्यो सुखको स्थान थियो। त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। तर धनी मानिस पुगेको स्थान भने पिडाको स्थान थियो। जुन नरक थियो। परमेश्वरको दण्ड भोग्ने स्थान जहाँ अनन्त आगो रहन्छ र पिडा अनि दाह्राकीटाइ हुन्छ।

बाइबलमा यस्तो लेखिएको छ, "यदि कुनै मानिसले त्यस पशु र त्यसको मूर्तिको पूजा गर्छ, र आफ्नो निधारमा वा आफ्नो हातमा त्यसको निशान लिन्छ भने, त्यसले परमेश्वरको क्रोधको मद्यबाट पिउनेछ, जुनचाहिँ उहाँको क्रोधको कचौरामा पन्यालो नपारीकन खन्याइएको छ, अनि पवित्र स्वर्गदूतहरूका सामु र थुमाको सामु त्यो आगो र गन्धकद्वारा पीडित पारिनेछ, र तिनीहरूको पीडाको धुवाँ सदासर्वदा उँभोतिर उठिरहनेछ, अनि जसले त्यो पशु र त्यसको मूर्तिको पूजा गर्छन् र जसकसैले त्यसको मूर्तिको पूजा गर्छन्, र जसकसैले त्यसको नामको निशान लिन्छन्, तिनीहरूले दिनरात विश्राम पाउनेछैनन्।" (२)

अब्राहाम जो ऐतिहासिक मानिस हुन् करिब इ.पू. २००० मा संसारमा रहन्थे। (३) उनी एक धार्मिक मानिस थिए। परमेश्वरमा विश्वास गर्दथे र धार्मिक जीवन विताउँदथे। उनी परमेश्वरको अनुग्रहद्वारा स्वर्गीय बासस्थानमा पुगे। उनलाई धनी मानिसले टाढैबाट चिने। किनकि उनी धेरैद्वारा चिनिएका पवित्र जन थिए। अब्राहामसँगको धनी मानिसको संवाद यसरी अघि बढ्यो।

## द्वीलोक वार्ता

**धनी मानिस**: "त्यसले चिच्याएर भन्यो, "हे पिता अब्राहाम, ममाथि दया गर्नुहोस्, अनि लाजरसलाई पठाइदिनुहोस् र उसले आफ्नो औंलाको टुप्पा पानीमा चोपोस् र मेरो जिब्रो शीतल पारिदेओस्, किनकि म यस ज्वालाभित्र तड्पिरहेको छु।"

**अब्रहाम**: "हे छोरा, सम्झ! तिमीले आफ्नो जीवनकालमा तिम्रा असल-असल कुराहरू पायौ, त्यसरी नै लाजरसले खराब कुराहरू पायो, तर अहिले उसले शान्ति पाएको छ र तिमी तड्पिरहेका छौ। अनि यी कुराहरू बाहेक, यहाँबाट पारि तिमीहरूकहाँ जान चाहनेहरू जान नसकून्, र त्यहाँबाट आउन चाहनेहरू पनि हामीकहाँ आउन नसकून् भनी हामीहरू र तिमीहरूको बीचमा एउटा ठूलो खाँद राखिएको छ।

**धनी मानिस**: "यसकारण हे पिता, म तपाईंलाई विन्ती गर्दछु, तपाईंले उसलाई मेरो बाबुको घरमा पठाइदिनुहोस् किनभने मेरा पाँच भाइ छन्, र उसले तिनीहरूलाई आग्रहपूर्वक गवाही देओस्, र तिनीहरू पनि यस तड्पिनुपर्ने ठाउँमा नआऊन्।"

**अब्राहाम**: "तिनीहरूसँग मोशा र भविष्यवक्ताहरूका पुस्तकहरू छन्, तिनीहरूले उनीहरूकै सुनून्।"

**धनी मानिस**: "होइन पिता अब्राहाम, तर मरेका हरूबाट कोही तिनीहरूकहाँ गयो भने ता तिनीहरूले पश्चात्ताप गर्नेछन्।"

**अब्राहाम**: "तिनीहरूले मोशा र भविष्यवक्ताहरूका सुन्दैनन् भने मरेकाहरूबाट कोही बौरेर उठ्यो भने पनि तिनीहरू मनाइनेछैनन्।" (लुका १६:१९-३१) (यहाँ, जब धनी मानिसले भने, "यदि तिनीहरू मोशा र भविष्यवक्ताहरूका सुन्दैनन्..." उनीचाहिँ मोशाले लेखेका बाइबलको पूरानो करारको भागको बारेमा कुरा गरिरहेका थिए। उनको भनाइको तात्पर्य, यदि तिनीहरू परमेश्वरद्वारा मोशालाई दिनुभएको बाइबललाई विश्वास गर्दैनन् भने, तब कोही तिनीहरूकै आँखाहरू अगाडि मृत्युबाट बौरि उठे तापनि तिनीहरूले विश्वास गर्ने छैनन्।)

संवाद छोटो तर अति महत्त्वपूर्ण छ। यसले मानिसको अनन्तता प्रकट गर्दछ। मानिस पार्थीव (पृथ्वीको) जीवनमा जे जसरी बाँचे पनि त्यो केवल अस्थायी अवस्था मात्र हो। तर उसको स्थायीत्व अनन्ततामा हुन्छ।

अनन्तताका दुई स्थानहरू छन् स्वर्ग र नरक। यी दुई स्थानहरू क्रमश: इनाम र दण्डका स्थानहरू हुन्। सृष्टिकर्ताले आफ्ना सृष्टिहरू जे उद्देश्यमा सृजिएका हुन् त्यसै अनुरुप अघि बढेको चाहनुहुन्छ। मानिसमा परमेश्वरले त्यसका निम्ति स्वतन्त्र इच्छा दिनुभएको छ जसबाट मानिस स्वेच्छाले परमेश्वरको महिमा गर्न र सही जीवनको दुरुपयोग गर्छन् भने परमेश्वर त्यसमा अप्रशन्न बन्नुहुन्छ। वास्तवमा घोर अप्रशन्न। त्यसैले दण्ड अित कडा पारिएको छ। त्यो अनन्त दण्ड भयानक हुन्छ। नरक एक भयानक डरलाग्दो स्थान हो। जस्तो लेखिएको छ:

"अनि तिम्रो आँखाले तिमीलाई ठेस खुवाउँछ भने त्यसलाई निकालिदेऊ, किनभने दुवै आँखासित नरकको आगोमा फालिनुभन्दा कानो भएर परमेश्वरको राज्यमा पस्नु नै तिम्रा निम्ति उत्तम हो, जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन।" (४) यो नरक वास्तवमा मानिसको निम्ति नभई शैतान र त्यसका दूतहरूका निम्ति तयार पारिएको थियो। जस्तो लेखिएको छ, "त्यसपछि उनले ती देब्रे हातपट्टी हुनेहरूलाई पनि भन्छन्: "हे श्रापितहरूहो, मदेखि त्यस अनन्त आगोभित्र जाइहाल, जोचाहिँ शैतान र त्यसका दूतहरूका निम्ति तयार पारिएको छ।" (५)

"संवादले अरू धैरै तथ्यहरूको उजागर गरेको छ। मानिसको निम्ति एकचोटी मरण त्यसपछि इन्साफ नियुक्त गरिएको छ। (६) लाजरस एकपल्ट मरे फेरि जन्मेनन् तर सदालाई अर्कै अवस्थामा प्रवेश गरे। त्यसरी नै धनी मानिस पनि सदालाई अर्कै अवस्थामा प्रवेश गरे। अर्को तथ्य के हो भने मानिस एक स्थानमा प्रवेश गरिसकेपछि कुनै पनि हालतले अर्को स्थानमा प्रवेश पाउन सक्दैनन्। स्वर्ग पुगिसकेको मानिस नरकमा वा नरक पुगिसकेको मानिस स्वर्ग जान सक्दैनन्।

अर्को तथ्य के हो भने पार्थिव जीवनमा मानिसले जे गरेका छन् अनन्ततामा त्यसको प्रतिफल मानिसले पाउँछन्। लाजरस आफ्ना गरिबीहरूमा पनि निर्दोष थिए। परमेश्वर नै तिनको आशा हुनुहुन्थ्यो। परमेश्वर बाहेक तिनको निकट व्यक्ति अरु थिएन। तिनका निम्ति प्राय: रातहरु निरस थिए। एक गरिब माग्नेका निद्रा राम्रा हुँदैनन्। तिनलाई पर्याप्त न्यानोको अभाव हुन्छ। शरीरलाई आवश्यक पर्ने न्यूनतम आवश्यकता तिनले पूरा गर्न सक्दैनन्।

रातहरूमा केवल परमेश्वर तिनका सहारा हुनुहुन्थ्यो। उनी आफ्ना आँखाहरू अनन्ततातर्फ लगाउँदथे नकि पार्थिव जीवनका आशाहरूमा। उनको पार्थिव जीवन पूर्णतया असफल र निराशा थियो। उनले परमेश्वरको मुक्तिलाई हेरेका थिए। उनले दैनिक परिस्थितिले उनलाई यस्ता प्रार्थनाहरू गर्न प्रेरित गर्थे, "हे परमेश्वर मलाई छिट्टै तपाईसमक्ष लानुस्।" "हे परमेश्वर ममाथि दया राख्नुहोस्।" उनलाई कसैको ठग्नु थिएन। कसैलाई दु:ख दिनु थिएन। उनी धार्मिक जीवन बिताउँथे। उनको आशा केवल परमेश्वरको हुनुहुन्थ्यो। उनले परमेश्वरको बलिदान मुक्तिदाता ख्रीष्टमा बिश्वास राखेका थिए। उनको पार्थिव जीवन दु:खमय भयो तर अनन्ततामा प्रतिफल अति भिन्न थियो, महान् थियो।

धनी मानिसको अवस्था अति फरक थियो। उनको पार्थिव जीवन वैभवशाली थियो। उनी अति धनाढ्य थिए। समाजमा प्रतिष्ठित थिए। उनलाई संसार स्वर्ग थियो। उनको मनले चाहेका प्रत्येक कुरा उनलाई प्राप्य हुन सक्दथ्यो। उनी दिनहुँ भोजमा मोजमज्जा गर्दथे। उनले जीवनकालमा असल असल कुराहरू पाए। तर उनी परमेश्वरको अस्तित्वमा विश्वास राख्दैनथे। स्वर्ग र नरक छ भन्ने कुरामा पनि उनलाई विश्वास थिएन। "खाए सार लाए सार मरेपछि लम्पसार" जस्तो किसिमको सिद्धान्तका मानिस उनी थिए। "जसको पाप उसैको फलिफाप" शैलीमा उनको जीवन थियो। उनी केवल शरीरका निम्ति बाँचे। उनको निम्ति सर्वप्रिय वस्तु आफू मात्र थियो केवल आफू मात्र।

तर त्यसको प्रतिफल उनले अनन्तताका लागि पाए। उनलाई भनियो, "हे छोरा, सम्झ! तिमीले आफ्नो जीवनकालमा तिम्रा असल-असल कुराहरू पायौ, त्यसरी नै लाजरसले खराब कुराहरू पायो, तर अहिले उसले शान्ति पाएको छ र तिमी तड्पिरहेका छौ।" आज पनि उनी तड्पिरहेकै छन्।

यहाँ हामी कष्टको बारेमा पत्ता लगाउँछौ जहाँ सधैभरि आगो बलिरहन्छ। यो नरक यस्तो डरलाग्दो ठाउँ हो जहाँ धनी मानिस एक थोपा पानीको लागि तड्पिरहेको थियो। नरकमा एक थोपा पानी उसैको लागि ठूलो उपहार हुन सक्थ्यो। त्यसैले यसले हामीलाई यो देखाउँछ साँच्चिकै नरक ज्यादै कष्टदायी ठाउँ हो।"नरकमा भयानक पिडामा तड्पिँदै त्यसले आफ्ना आँखा उठायो।" यस भनाइबाट हामी नरक कति भयानक ठाउँ हो भन्ने कुराको अनुमान लगाउन सक्छौं।

अर्को तथ्य यहाँ के पाइन्छ भने अनन्तताको अर्को स्थल स्वर्गीय वासस्थान अति मनमोहक विश्रामस्थल हो। यो विश्रामको पनि हामी केवल अनुमान गर्न सक्दछौं। नरक पिडामा जति भयानक छ स्वर्ग सुखमा उतिकै गजब छ। जस्तो लेखिएको छ, आँखाले नदेखेका, कानले नसुनेका र मानिसको चित्तमा पनि नपसेका कुराहरू परमेश्वरले आफूलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।" (७) लाजरस पूर्ण सन्तुष्ट थिए। उनले जीवनका सबै दु:खहरूलाई बिर्से। उनी बयान गर्न नसकिने आनन्दमा थिए। उनले यस्ता सुखहरू देख्न र भोग्न पाए जसको परिकल्पना समेत उनले गरेका थिएनन्। परमेश्वरको स्तुति होस् उहाँको प्रेम र अनन्त योजनाको निम्ति। यी सबै विश्लेषण पछि एउटा ठूलो प्रश्न यहाँ खडा हुन्छ। **तपाईले अनन्तता कहाँ बिताउनु होला?**

## मुक्ति दिने विश्वासको परिभाषा (२०)

अनन्तता स्वर्गको राज्यमा बित्नु हो भने मानिसले गर्नुपर्ने काम के हो त? मानिसहरूले उहाँलाई सोधे, "परमेश्वरका कामहरू गर्नाका निम्ति हामी के गरौं? येशूले जवाफ दिएर तिनीहरूलाई भन्नुभयो, "जसलाई उहाँले पठाउनुभएको छ, उनैमाथि तिमीहरू विश्वास गर, यही परमेश्वरको काम हो।" (८) परमेश्वरको उद्धारलाई ग्रहण गर्दा

मैले गर्नु पर्ने काम चाहिँ येशू ख्रीष्टमा विश्वास गर्नु हो। तर यसको खास अर्थ के हो? यो कुरा सामान्यत: मनले मात्र विश्वास गर्नु होइन। मानिसहरूमा प्राय: जसो विश्वास भन्ने कुरा सामान्यत: कुनै चीज बारेको ज्ञान हो भन्ने धारणा छ।

उदाहरणको लागि, दोस्रो विश्व युद्धमा हिटलरले जर्मनीमा शासन गरे अथवा जर्ज वाशिङ्टन अमेरिकाको पहिलो राष्ट्रपति थिए अथवा महात्मा गान्धी भारतमा बस्थे भन्ने कुरा मानिसहरूले विश्वास गर्छन्। तर यस्ता विश्वासहरूले ती विश्वास गर्नेहरूका जीवनका कुनै प्रकारको प्रभाव पार्दैन न ता कुनै परिवर्तन नै ल्याउँदछ। त्यसरी नै धेरै मानिसहरूले विश्वास गर्छन् कि धेरै समय अघि येशू ख्रीष्ट रहनुहुन्थ्यो र उहाँले धेरै आश्चर्यजनक र असाधारण कामहरू गर्नुभयो। तर यस्तो विश्वासले तिनीहरूका जीवनलाई कुनै अर्थपूर्ण प्रभाव पार्दैन। साँचो उद्धारको विश्वास चाहिँ यो भन्दा फरक हुन्छ।

**साँचो उद्धार सम्बन्धी विश्वासका विशिष्ट लक्षणहरू:**

## १. साँचो उद्धारको विश्वास एक पश्चात्तापी विश्वास हो।

उद्धार चाहने मानिसहरूले अवश्य नै पश्चात्ताप गर्नुपर्छ भनी येशूले चेतावनी दिनुभयो, "म तिमीहरूलाई भन्दछु, ....... तिमीहरूले पश्चात्ताप गरेनौ भने, तिमीहरू सबै त्यही प्रकारले नाश हुनेछौ।" (९) पश्चात्तापको अर्थ फर्कनलाई आफ्नो मन परिवर्तन गर्नु हो। किनकि एक व्यक्तिले उद्धार पाउनको निम्ति, उसले आफ्नो पापी मन र आफ्नो इच्छालाई परिवर्तन गर्नु नै पर्छ। अहंकार, सामाजिक सुख-विलास, मूर्तिपुजा, झूटा दर्शनहरू, आफ्नो इच्छा, घृणा आदि दुष्ट मार्गहरूबाट फर्कन उक्त व्यक्ति तयार हुनुपर्छ।

बाइबलमा पश्चात्तापबारे तीनवटा असल उदाहरणहरू दिइएका छन्। त्यसमा एउटा चाहिँ, नबूकदनेज्जर नाम गरेका राजा हुन्। उनी धेरै नै घमण्डी थिए तर जब उनले उद्धार पाए तब उनी आफ्नो घमण्डीपन देखि फर्के। (१०) अर्को एक जना जक्कै नाम गरेको अति धनी व्यक्ति थियो, किनभने उसले मानिसहरूबाट रुपियाँ-पैसा ठग्थ्यो। जब उसले प्रभु येशूलाई ग्रहण गऱ्यो, तब उसले आफ्नो स्वार्थी र बेईमानी मार्गमा हिँड्न छाड्यो। (११) एउटा अर्को उदाहरण थेस्सलोनिकामा बस्ने मानिसहरू पनि हुन्। यी मानिसहरूले मूर्तिपूजा गर्थे तर जब तिनीहरूले येशू ख्रीष्टको बारेमा सुने तब तिनीहरूले आफ्ना झूटा देवीदेवताको पूजा गर्न छाडेर साँचो परमेश्वरको सेवा गर्न थाले। (१२) साँचो पश्चात्तापको अर्थ यही हो। जब तिनीहरूले प्रभु येशूमा विश्वास गरे, तब ती सबै मानिसहरू आफ्ना दुष्ट कुराहरूबाट फर्के।

## २. साँचो उद्धारको विश्वास एक नबाँडिएको विश्वास हो।

बाइबलले भन्दछ कि प्रभु येशू ख्रिष्ट बाहेक अरू कुनै पनि प्रभु र उद्धारकर्ता छैन। येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ; मद्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन।" (१३) "न ता अरू कसैमा मुक्ति छ, किनभने स्वर्गमनि मानिसहरूको बीचमा अरू कुनै नाम दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउनुपर्दछ।" (१४)

उद्धार पाउनको निम्ति मैले यो विश्वास गर्नुपर्दछ कि येशू ख्रीष्ट मात्र प्रभु र उद्धारकर्ता हुनुहुन्छ। केही मानिसहरूले अरू देवी देवताहरू पुज्दै प्रभु येशूलाई पनि आराधना गर्ने र उनको पछि हिड्ने प्रयास गर्छन्। यसरी पनि उद्धार पाउन सक्दैन।

**३. साँचो उद्धारको विश्वास, भरोषा गर्न विश्वास हो।**

"हे प्रभु, मेरा परमेश्वर, म आफ्नो  भरोसा तपाईमा राख्दछु; ती सबैबाट मलाई बचाउनुहोस् जसले मलाई सताउँछन् र मलाई स्वतन्त्र गर्नुहोस्। (भजनसंग्रह ७:१)

बाइबलमा भएको विश्वास शब्दका अर्थ भरोसा गर्नु, भर पर्नु साथै स्वयम् आफूलाई समर्पण गर्नु हो। उद्धार पाउनको लागि एउटा व्यक्ति स्वयम् आफैले साँचो र पूर्णरूपले प्रभु येशूमा भरोसा राख्नुपर्छ। आफ्नो पापको क्षमा पाउन, परमेश्वरसँग ठीक सम्बन्ध बनाउन र स्वर्गमा लगिनको लागि मैले केवल प्रभु येशूमा मात्रै भर पर्नुपर्दछ। प्रभु येशूमा भरोसा राख्नुचा हिँ एउटा डुङ्गामा भरोसा गरे समान हो, जसले मलाई तालपारि पुऱ्याउँछ। के वास्तवमा तपाईले आफ्नो पाप प्रभु येशूले हटाउनुहुन्छ भनी भरोसा गर्नुभएको छ?

**४. साँचो उद्धारको विश्वास, एक निश्चयताको विश्वास हो।**

उद्धार पाउनको लागि म पूर्णरूपले यो कुरामा निश्चय हुनुपर्छ कि येशू, प्रभु र उद्धारकर्ता हुनुहुन्छ र उहाँले आफ्ना प्रतिज्ञा हरु मेरो लागि पूरा गर्नुहुन्छ। साँचो उद्धार एउटा जानिएको निश्चित उद्धार हो। यस किसिमको विश्वास येशूका चेलाहरुमा थियो। "अनि तपाई जीवित परमेश्वरका पुत्र "ख्रीष्ट हुनुहुन्छ भनी हामीले विश्वास गरेका छौं र पक्का गरी जानेका छौं।" (१५)

**कसरी एउटा व्यक्ति प्रभु येशूमा नै उद्धार छ भन्ने कुरामा निश्चित हुन सक्छ?**

क. परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ, "यसरी नै जब परमेश्वरले प्रतिज्ञाका हकदारहरूलाई, 'उहाँको मनसाय कहिल्यै बदलिन सक्दैन' भन्ने कुरा प्रशस्त गरी देखाउन चाहनुभयो, तब उहाँले त्यो कुरा कसमद्वारा पक्का गर्नुभयो।" (१६) अनन्त जीवन र पाप क्षमाको लागि परमेश्वरले ती सबै मानिसहरूलाई प्रतिज्ञा गर्नुभएको छ जस-जसले प्रभु येशूलाई ग्रहण गरेका छन्। के हामीले पनि परमेश्वरको प्रतिज्ञालाई स्वीकार्न सक्दैनौं?

ख. बाइबलले यस प्रकार भन्दछ,  "अनि गवाही यही हो - परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँको पुत्रमा छ। जससँग पुत्र हुनुहुन्छ, ऊसित जीवन छ; जससँग परमेश्वका पुत्र हुनुहुन्न, ऊसित जीवन छैन। मैले तिमीहरूलाई अर्थात परमेश्वरका पुत्रको  नाममा विश्वास गर्नेहरूलाई यी कुराहरु लेखेको छु - तिमीहरुसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाह होस्, र परमेश्वरका पुत्रको नाम तिमीहरूले विश्वास गर।" बाइबल, परमेश्वरको वचनले अनन्त उद्धार ती सबैको निम्ति हो, जसले प्रभु येशूलाई ग्रहण गर्दछ भनी प्रतिज्ञा गर्दछ।

ग. येशू मृत्युबाट बिउँतिनुभयो: "पवित्रताको आत्मा अनुसार उहाँ (येशू ख्रीष्ट) मरेकाहरुबाट बौरेर उठ्नुभएको कारणले सामर्थ्यसहित परमेश्वरका पुत्र ठहरिनुभयो।" (१८) उहाँको अनन्त, प्रतिज्ञाको लागि हामी  निश्चित छौं किनभने उहाँ तीन दिनपछि मृत्युबाट बिउँतिनुभयो।

**५. साँचो उद्धारको विश्वास एक नमिसिएको विश्वास हो।**

"किनकि तिमीहरुले विश्वासद्वारा अनुग्रहले मुक्ति पाएका छौ; अनि यो तिमीहरु आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरुबाट होइन, नत्र ता कसैले घमण्ड गर्नेछ।" (१९) यी दुई पदहरु बाइबलमा भएका पदहरु मध्येका अति महत्त्वपूर्ण पदहरु हुन्। उद्धार हाम्रा असल कामहरूका नतिजा होइनन् भन्ने कुरा यी पदहरूले हामीलाई सिकाउँदछ। अनि यो एक स्वतन्त्र दान हो जुन हामीले ग्रहण गर्नुपर्छ। परमेश्वरको स्वतन्त्र उद्धार पाए पछि, एक धन्यवादी हृदयसाथ म उहाँको सेवा गर्छु। उद्धार पाउनको लागि म उहाँको सेवा गर्दिनँ तर यस कारण गर्दछु किनभने

मेरो उद्धार अघि नै भइसेकेको छ। के आज तपाईंले येशूमा भएको परमेश्वरको स्वतन्त्र दानको आनन्द पाई रहनु भएको छ वा के तपाईंले आजसम्म पनि आफ्नो उद्धार कमाउनलाई प्रयास गरिनरहनु भएको छ?

सन्दर्भ सूची:

(१) बाइबल नयाँ करार खण्ड लूका १६:१९-३१
(२) प्रकाश १४:९-११
(३) स्कोफिल्ड रेफरेन्स् बाइबल पूरानो करार खण्ड उत्पत्ति १२:१
(४) मर्कूस ९:४७
(५) मत्ती २५:४१
(६) हिब्रू ९:२७
(७) १ कोरिन्थी २:९
(८) यूहन्ना ६:२८, २९
(९) लूका १३:५
(१०) दानिएल ४
(११) लूका १९:१-१०
(१२) १ थेस्सलोनिकी १:९, १०
(१३) यूहन्ना १४:६
(१४) प्रेरित ४:१२
(१५) यूहन्ना ६:६९
(१६) हिब्रू ६:१७
(१७) १ यूहन्ना ५:११-१३
(१८) रोमी १:४
(१९) एफेसी २:८,९
(२०) पुस्तक "पहिला खुड्किलाहरु"

**अध्ययन पूरा गर्नुभएकोमा विशेष धन्यवाद !**

## मृग तृष्णा

## अंक २

किरण सत्यका निम्ति मृगतृष्णा लिइरहेछ। उनलाई थाह छ, मोती प्राप्त गर्न कम सजिलो छैन। महङ्गो कुरा पाउन महंगो कुरा नै गुमाउन पर्ने हुन्छ। तर सत्य के हो अनि यो कहाँ छ भन्ने कुरमा उनि अनभिज्ञ भएको महसुस गर्छन्। उनी कुनै पनि नयाँ कुराको अध्ययन गर्न र बुझ्न अत्यन्तै इच्छुक छन्। उनको एउटा विशेषता नै यही हो।

### दृश्य १

(बाइबल पढिरहेको) मत्ती २८:१-२०

किरण: अरे अचम्म! के मरेकाहरू बौरिउठ्न सक्छन्? के येशू अरू भगवानहरु भन्दा फरक हुन्? अरू त सबै मरे, उनी कसरि फेरि बाँचे त? अहो! मैल यसबारे राम्रो अध्ययन गर्नैपर्छ। सायद म खास सत्यताबाट अहिलेसम्म बन्चित छु। सायद मैले जीवनमा पाउनु पर्ने वास्तविक ज्ञान पाएकै छैन। हे ईश्वर! तपाई हुनुहुन्छ भने मलाई चिनाउनोस्। मेरो आत्माले तपाईको तृष्णा गरिरहेछ।

### दृश्य २

सत्यजीत: नमस्कार किरण जी। तपाईंलाई कस्तो छ?

किरण: एकदम ठीकठाक। यहाँलाई नी?

सत्यजीत: मलाई पनि ठिक छ। खुशी लाग्यो किरण जीलाई भेट्न पाएर। आज त चर्च सभा लाग्ने दिन हो। तपाई पनि जानुहुन्थ्यो कि भनेर यो बाटो पसेको।

किरण: ए चर्च? म पनि जान्छु। जाने इच्छा गर्दै थिएँ। तर थाहा थिएन चर्च कहाँ छ, के छ। धन्यवाद लिन आउनुभएको लागि।

### दृश्य ३

चर्च भवन । परिचय, भलाकुसरी।

सत्यजीत: यहाँ मेरो साथी किरण हुनुहुन्छ।

जीवनमार्ग: नमस्कार किरनजी, तपाईलाई चर्चमा हार्दिक स्वागत छ। मेरो नाम जीवनमार्ग हो आउनुहोस् बसौं।

विनय: नमस्कार! म विनय हुँ। यहाँको शुभ नाम?

किरण: म किरण हुँ।

विनय: तपाईलाई यहाँ हार्दिक स्वागत छ। खुशी लाग्यो तपाई यहाँ आउनुभएकोमा।

किरण: धन्यवाद।

सभा शुरू। भजन गान

किरण: अहो कस्तो राम्रो गित। यतिका विशाल भीडले कस्तो मिलेर गाएको। कस्तो राम्रो अर्थ। मेरो हृदय नै छोयो।

विनय: "हे हाम्रा स्वर्गमा हुनुहुने पिता तपाईको नाउँ पवित्र गरियोस्। हाम्रो माझमा तपाई हुनुहुन्छ। धन्यवाद तपाईको अपार प्रेमको निम्ति। तपाईले हामीलाई ख्रीष्ट येशूमा ग्रहण गर्नुभएको छ। हामीलाई मुक्ति शान्ति दिनुभएको छ। तपाई जस्तै महान् र पराक्रमी परमेश्वर कोही छैन। ख्रीष्ट येशूको नाममा धन्यवाद र स्तुति चढाउँछौं। आमेन।"

किरण: निश्चय यस सभामा परमेश्वर हुनुहुन्छ। साँचो र एकमात्र परमेश्वर यहाँ नै हुनुपर्छ।

जीवनमार्ग: प्रिय दाज्यू भाइ दिदी बहिनीहरू आज तपाईले परमेश्वरको बोलावट थाहा गर्नुभयो भने उहाँकहाँ आउनलाई केही कुराले नछेकोस्। परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र येशूलाई पठाउनुभयो। प्रभु येशू आजभन्दा २००० वर्ष अघि तपाईका पापहरूको मोल चुक्ता गर्दै क्रूसमा बलिदान हुनुभयो। तेस्रो दिनमा

पुन: बौरि उठ्नुभयो। उहाँ नै तपाईको प्रभु र मुक्तिदाता हुनुहुन्छ । यदि तपाईले आफ्नो पापको स्वीकार गर्नुभयो र पापबाट परमेश्वरतर्फ फर्कनुभयो भने उहाँले तपाईलाई ग्रहण गर्नुहुनेछ। आजै तपाई आफ्ना पापहरूको क्षमा माग्दै ख्रीष्ट येशूलाई आफ्नो हृदयमा ग्रहण गर्नुहोस्, तपाईले मुक्ति पाउनुहुनेछ।

किरण: हे येशू मैले थाहा गरें म पापी हुँ। म मृत्युका लायक छु तर मेरो सट्टामा तपाई क्रूसमा बलिदान हुनु भई तेस्रो दिनमा बौरिउठ्नुभएकोले अब मलाई पापहरूबाट क्षमा गर्नुहोस् र ग्रहण गर्नुहोस्। अब उसो मेरा प्रभु र मुक्तिदाता तपाई नै हुनुहुन्छ। म पापीलाई बचाउनुहोस्।

**दृश्य ४**

सत्यजीतसँग किरणको राम्रो मित्रता बढिरहेछ। नबुझेका कुराहरू बुझाउने चर्च लैजाने काम सत्यजीतले बढो प्रभावकारी ढंगमा गरिरहेछ। किरणलाई बाइबल अध्ययन र ईशाईहरूसँगको संगतिले गहिरो प्रभाव पारिरहेछ। उसले निक्कै सिक्यो, निक्कै सिकिरहेछ। उसको जम्मै प्रश्नहरूको जवाफ पाइसकेको छ उसले। उसको जीवन दिनहुँ परिवर्तन भइरहेछ।

सत्यजीत: भाइ अब चर्च जाने बेला भयो, जाऔं।

किरण: हो नि जाउँ दाई चर्च। म त तपाई कहिले आउनुहुन्छ होला भनि पर्खिरहेको।

चर्च सभामा भजन। प्रार्थना। प्रवचन।

किरण: हे येशू यदि मैले अझै मुक्ति पाएको छैन भने मलाई बचाउनोस्। तपाई मेरो निम्ति बलिदान हुनुभयो र तेस्रो दिनमा बौरिउठ्नुभयो। तपाईं परमेश्वरको पुत्र नै मेरो प्रभु र मुक्तिदाता भनि म विश्वास गर्छु।

जीवनमार्ग: तपाई जतिले प्रभु येशूलाई ग्रहण गर्नुभयो तपाईहरूको निम्ति परमेश्वरको यो वचन छ, "मैले तिमीहरूलाई अर्थात परमेश्वरका पुत्रको नाममा विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु - तिमीहरूसित अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाह होस्, र परमेश्वरका पुत्रको नाममा तिमीहरूले विश्वास गर।" १ यूहन्ना ५:१३ तपाईहरूले यदि परमेश्वरको पुत्रको नाममा विश्वास गर्नुभयो भने तपाईहरूसँग अनन्त जीवन छ। यदि तपाईले हृदयबाट आफ्नो पापको स्वीकार गर्नुभयो र परमेश्वरको पुत्रको नाममा विश्वास गर्नुभएको हो भने उहाँले तपाईहरूलाई आफनो सन्तान हुन दिइसक्नुभएको छ। यसमा उहाँमा शंका होइन, विश्वास गर्नोस्। उहाँकहाँ आउनेलाई उहाँले कुनै रीतिले त्याग्नुहुन्न।

किरण: अँ त मैले येशूमा विश्वास गरेको छु। म उहाँको सन्तान भइसकेको रहेछु। मैले अनन्त जीवन पाइसकेको रहेछु। मैले कति ठूलो कुरा पाएँ। परमेश्वरलाई धन्यवाद। हे परमेश्वर तपाईको अपार प्रेमको निम्ति धन्यवाद। तपाईले मलाई ग्रहण गर्नुभएको छ। आहा! मैले खोजेको साँचो परमेश्वर, साँचो मुक्ति र शान्ति पाएँ। यो कस्तो आनन्द, यो कति महान विजय जो मैले मेरा प्रभु येशूमा पाएँ।

**दृश्य ५**

राजन काम विशेषले केही हप्ताको निम्ति बाहिर गएको थियो। ऊ हिजो राति मात्र आइपुग्यो। यो खबर पाएर किरण विहानै उसलाई भेट्न जान्छ।

किरण: गुड मर्निङ राजन!

राजन: गुड मर्निङ किरण। ग्लाड टु सि यु एगेन। हाउ इज गोइङ?

किरण: सब राम्रो छ राजन राम्रो, अति राम्रो, किन थाह छ?

राजन: भनन किन?

किरण: हेर राजन म केही हप्ता भो चर्च गएको। अनि मैले सत्यता भेट्टाएको छु। हेर एकमात्र सत्य परमेश्वरले संसारलाई प्रेम गर्नुभई आफ्नो पुत्र येशूलाई संसारको मुक्तिदाता हुनलाई दिनुभएको रहेछ। उहाँ नै तिम्रो हाम्रो पापहरूको निम्ति

मर्नुभयो। अनि तेस्रो दिनमा फेरि बौरिउठ्नुभयो। उहाँमा विश्वास गर्ने कोही पनि नाश हुनेछैन तर अनन्त जीवन पाउनेछ। मैले विश्वास गरें र मैले मुक्ति र शान्ति पाएँ। यो अचम्मको जीवन मैले पाइसकेको छु।

राजन: तिमीले त बडो ताजुवको खबर सुन्यौ। मैले विश्वास गर्न अघि तिमीबाट धेरै सिक्नु र बुझ्नुपर्छ।

किरण: म तयार छु राजन तिमीलाई सिकाउन। तिमी सिक्न र बुझ्नलाई इच्छुक मात्र बन।

किरणको साक्षीबाट राजन, किरणको बाबा-आमा तथा गगननाथले प्रभु येशूमा विश्वास गरे। किरण अति खुशी छ यी सब देख्न पाएकोमा। यी सबैलाई ख्रीष्टमा डोर्याउने, नेतृत्व दिने कार्य समेत किरणले गरिरहेछ। एकातिर उनको पढाइमा अत्यन्तै राम्रो सफलता पाएको छ भने एकातिर उनले आत्मिक जीवनमा ठूलो विजय पाइरहेको छ।

## अंक ३

### दृश्य १

किरण लोकसेवा आयोग पास गरेर शिक्षा मन्त्रालयको शाखा अधिकृत बनेको छ। उनी परमेश्वरको डर मान्दै इमान्दारसाथ देश र जनताको सेवा गरिरहेछन्। उनी घुसखोरी, भ्रष्टाचार, राजस्व हिनामिना गर्ने जस्ता गैर जिम्मेवारीपूर्ण कार्यहरूबाट पूर्ण अलग छन्। उनी इमान्दार र सच्चा कर्मचारी हुन्।

कमल: हाकिमसाब मेरो काम मिलाइदिनुस् न, यो तपाईको लागि.......

किरण: भाइ यस्तो काम गरेर तपाईले देशलाई बिगार्न खोज्दै हुनुहुन्छ। यस्तो कार्य तपाई जस्ता व्यक्तिले गर्नुहुन्छ? तपाई जस्ता युवा इमान्दार नबने देश र जनता कसरी माथि उठ्छ? आज हाम्रो देश किन माथि उठ्न सकिरहेको छैन? भ्रष्टाचारको अन्त गर्न भाइले सहयोग गर्नुपर्‍यो। भ्रष्टाचारको तेल थप्ने कार्य होइन यसलाई निभाउन पर्यो अनि मात्र देशमा परिवर्तन आउँछ। खुरुक्क त्यो राख्नोस् र इमान्दारीताको पाठ सिक्नोस् आजदेखि। बुझ्नुभो भाइ?

कमल: हाकिमसाब मलाई क्षमा गर्नोस्। मैले सोचेथे सबै उस्तै हुन् तर होइन रहेछ। मैले पाठ सिकें।

### दृश्य २

विशेष समारोह: शिक्षा मन्त्रालयको विशिष्ट कोठा। किरण विशेष आसनमा। प्रशंसा-पत्र वितरण कार्यक्रम।

सचिव, शिक्षा मन्त्रालय: आज यस मन्त्रालयको अति कर्तव्यनिष्ठा, इमान्दार कर्मचारी शाखा अधिकृत श्री किरण कुमारलाई उहाँको प्रशंसानीय कार्यको लागि यो प्रशंसा-पत्र प्रदान गरिएको छ।

(सबैबाट ताली)

सभापति: किरणज्यूले जे गर्नुभयो यो हामी सबैको निम्ति अति उदाहरणीय र चुनौतिपूर्ण काम भएको छ।

(सबैबाट ताली)

### दृश्य ३

किरण सडकमा यता उता हेर्दै अफिसतिर लागरहेको छ। आज ऊ अलि बेलैमा निस्केको छ घरबाट।

विरामी: हँ, हँ, मरें, मरें उहुँहुँ.....

किरण: ओहो तपाईंलाई के भयो?

विरामी: ज्वरो आयो, टाउको दुख्यो।

करण: ए ल तपाईंले यो सिटामोल खानोस्। दिनमा तीन पटक एक एक चम्चा खानोस्।

विरामी: धन्यवाद।

माग्ने: हे हजुर, मलाई पनि यसो दान दिनोस् न मैले खानै पाइन।

किरण: हुन्छ यो पैसाले केही किनी खानू।

माग्ने: धन्यवाद।
बुढो: (धरमरिदै बाटो पार गर्न खोज्दै)
किरण: ए बा पर्खनोस् म पारी पुर्याइदिन्छु।
बूढो: धन्यवाद।

## दृश्य ४

निक्कै वर्ष भयो किरणले नयाँ जीवन पाएको। ऊ आज उही पार्क घुम्न जाँदैछ एक्लै जहाँ उनले राजनसँग लामो वातचित गरेथे। उनी आज आफ्नो जीवनको पुन-मूल्याङ्कन गर्न चाहन्छन्।
किरण: मेरो जीवन अन्यौलपूर्ण थियो। म बाटो चिन्दिनथें। म घोर अन्धकारमा रूमलिरहेथें। तर जीवित र सत्य परमेश्वरले मलाई सच्चा ज्ञानमा ल्याउनुभो। म बचाइएको छु। मैले मुक्ति र शान्ति पाएँ। मेरो जीवन आज कति फरक छ। "यसैकारण कोही ख्रीष्टमा छ भने उ एउटा नयाँ सृष्टि हो; पुरानो कुराहरू बितिगएका छन्, हेर सबै कुराहरू नयाँ भएका छन्।" मेरो यो जीवन कति सुखी छ ख्रीष्टको शान्तिले। जब म पृथ्वीबाट बिदा हुन्छु अझ ठूलो शान्तिमा प्रवेश गर्नेछु। धन्यवा द मेरा परमेश्वरलाई। मैले मुक्ति मात्र पाइन मैले उहाँको नेतृत्व, निरन्तर अनुग्रह पाइ नै रहेको छु। उहाँ, मेरा गोठाला हुनुभएको छ जसले मलाई निरन्तर डोर्याउनु भएको छ। हरियो खर्कमा चराउनु भएको छ। सुखचैनको पानीमा पुर्याउनुभएको छ। धन्यवाद मेरा परमेश्वरलाई। (भजनसंग्रह २३ पढ्छन्।